(संवत् २०७९ साल कार्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाल विशेष सेवा ऐन, २०४२

लालमोहर र प्रकाशन मिति
२०४२।५।१२।४

संशोधन गर्ने ऐन

१. नेपाल विशेष सेवा (पहिलो संशोधन) ऐन, २०४७ — २०४७।१२।२९

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ — २०६६।१०।७

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ — २०७५।११।१९

२०४२ सालको ऐन नं. ९

2.................

नेपाल विशेष सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०४२

प्रस्तावनाः नेपाल 2........ को सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सेवा" भन्नाले दफा ३ बमोजिम गठन हुने नेपाल विशेष सेवा सम्झनु पर्छ ।

---

यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून व्याय तथा संसदीय मामिला मन्त्रालय

*(ख) "कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभाग र सो विभाग अन्तर्गतको ▲................ कार्यालय सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. <u>नेपाल विशेष सेवाको गठनः</u> (१) नेपाल सरकारले नेपाल विशेष सेवाको गठन गर्न सक्नेछ ।

(२) नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

*४. <u>कार्यालयको स्थापनाः</u> (१) सेवा सम्बन्धी कार्य सञ्चालन गर्न ➢<u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत</u> राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभागको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार ▲................ कार्यालयहरु स्थापना हुन सक्नेछन् ।

(३) यो दफा प्रारम्भ हुनु भन्दा अघि स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालय तथा सो अन्तर्गतका कार्यालयहरु यो दफा प्रारम्भ भएपछि राष्ट्रिय अनुसन्धान विभाग र सो अन्तर्गतका कार्यालयहरुमा परिणत भएको मानिनेछ ।

५. <u>कार्यालयको काम, कर्तव्य र अधिकारः</u> कार्यालयको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

* पहिलो संशोधनद्वारा संशोधित ।

▲ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

📖५क. अनुसन्धानको सिलसिलामा आवश्यक अधिकारको प्रयोग गर्न सक्नेः (१) नेपाल सरकारले आवश्यक ठानेका विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई अनुसन्धान गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धान गर्ने अधिकृतले प्रहरी ऐन, २०१२ बमोजिम प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले गरेको अनुसन्धानबाट कुनै अनियमितता भएको देखिन आएमा नेपाल सरकारले सम्बन्धित व्यक्ति उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउनेछ ।

📖५ख. सहयोग गर्नु पर्नेः कार्यालयको परिचयपत्र लिई आउने कर्मचारीलाई सरकारी कार्यालय वा व्यक्तिले कार्यालय सम्बन्धी काममा सहयोग गर्नु पर्नेछ ।

६. कर्मचारीको नियुक्ति तथा सेवा शर्तः सेवाको कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र बर्खासी तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

७. बचाउः (१) दफा ९ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा संकलन गरेको खबर कहिले, कसलाई दिएको वा के कस्तो खबर संकलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालत समक्ष प्रश्न गरिने र उपस्थिति गराईने छैन ।

(२) कार्यालयमा रहेको गोप्य कागजात अधिकार प्राप्त अधिकारी बाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालतमा प्रस्तुत वा प्रकट गर्न कसैलाई बाध्य गराईने छैन ।

८. निषेधित कामः (१) सेवाको कर्मचारीले आफ्नो पदको दुरुपयोग गर्न वा सेवाको काममा लगाइएका अन्य व्यक्तिले आफ्नो कर्तव्य बर्खिलाप काम गर्न हुँदैन ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

कानून तथा न्याय मन्त्रालय

(२) सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले सेवामा वा सेवाको काममा छँदै वा सेवाबाट वा सेवाको कामबाट अलग भईसकेपछि पनि सेवाको काम सम्बन्धी गोप्यता कुनै तरिकाले भङ्ग गर्न हुँदैन ।

९. दण्ड सजायः यस ऐनको बर्खिलाप काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका कुनै व्यक्तिलाई कसूरको मात्रा हेरी *दश वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिबाट धन–सम्पत्तिको नोक्सान भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भागको हुने चल अचल सम्पत्ति लिलाम गरी त्यसबाट भराईनेछ। त्यसरी भराई दिंदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम वापत प्रचलित कानून बमोजिम जरिवाना नतिरे सरह गरी कैद हुनेछ ।

१०. मुद्दा हेर्ने अधिकारः (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतका मुद्दामा कारवाई र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ ।

तर यस ऐन बमोजिमको अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा विशेष अदालत ऐन, २०५९ को ⌦दफा ७ को खण्ड (ङ) मा वा अन्य प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने मनासिब कारण भए सो र सो सम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्नेछ । यसरी पर्चा खडा गरी

* पहिलो संशोधनद्वारा संशोधित ।

⌦ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

थुनामा राखी पुर्पक्ष गरेकोमा थुनुवा–पर्चा उपर कुनै प्रश्न उठाई उजूरी गर्न पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तो पुनरावेदनको कारवाई र किनारा सर्वोच्च अदालतको घटीमा तीन जना न्यायाधीशको ईजलासबाट हेरिनेछ ।

११. बन्द इजलासमा कारवाई हुनेः यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कारवाई र निर्णय गर्दा बन्द इजलासमा गरिनेछ ।

१२. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु नेपाल सरकारले सार्वजनिक रुपमा प्रकाश गर्ने छैन ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

*(मिति २०७९।८।२३ गते अद्यावधिक गरेको)*